**<u>एजेण्डाहरु</u>**

१. समीक्षा ।
२. विद्यालमा सञ्चालित क्वारेन्टीन हटाउने सम्बन्धमा ।
३. आइसोलेसनसम्बन्धी स्वास्थ्य मापदण्ड कार्यान्वयन सम्बन्धमा ।
४. पिसिआर परीक्षण ल्याब स्थापना र सञ्चालन
५. विद्यालय सञ्चालन सम्बन्धमा ।
६. Health Desk व्यवस्थापन सम्बन्धमा ।
७. शव व्यवस्थापन सम्बन्धमा
८. विविध

**<u>निर्णयहरु</u>**

१. विश्वव्यापी महामारीको रुपमा फैलिरहेको नोवल कोरोना भाईरस (COVID-19) को संक्रमण रोकथाम तथा नियन्त्रणका लागि जिल्लास्तरमा भएका हालसम्मका प्रयासहरुको समीक्षा गरियो।बन्दाबन्दीको अन्त्य भएको वर्तमान अवस्थामा कोभिड-१९ को संक्रमण फैलिने जोखिम वृद्धि भएको हुँदा थप सतर्कता अपनाउनुपर्ने आवश्यकता महशूस गरियो ।यससम्बन्धी सचेतना र सतर्कताका लागि जिल्ला प्रशासन कार्यालयबाट सूचना जारी गर्ने ।
२. हाल स्थानीय तहहरुले विद्यालयहरुमा सञ्चालन गरेको क्वारेन्टीन श्रावण मसान्तभित्र स्थानान्तरण गरी क्वारेन्टीन सञ्चालित भवन तथा परिसर पूर्णरुपमा निर्मलीकरण (Disinfection) गर्न तथा उक्त क्वारेन्टीनको विकल्पका रुपमा स्थानीयस्तरमा रहेका अन्य सार्वजनिक भवन, सभाहल, कभर्डहल वा अन्य उपयुक्त स्थानमा क्वारेन्टीन स्थापना तथा सञ्चालन गर्न सबै स्थानीय तहहरुलाई अनुरोध गर्ने ।
३. नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयद्वारा जारी कोभिड-१९ संक्रमितहरुको आइसोलेसन स्वास्थ्यसम्बन्धी मापदण्ड, २०७७ (नेपाल सरकार मन्त्रिपरिषदबाट स्वीकृत मिति २०७७।०३।१५) बमोजिम आइसोलेसन व्यवस्थापन गर्न हाल आइसोलेसन केन्द्र रहेका स्वास्थ्य संस्थाहरुलाई र सो कार्यको समन्वय तथा सहजीकरणका लागि स्वास्थ्य कार्यालयलाई निर्देशन दिने।
४. कोभिड-१९ को संक्रमण जोखिम दिन प्रतिदिन बढ्दै गएको, यस जिल्ला धादिङ र रसुवाको समेत पायक स्थानमा रहेको र त्रिशुली अस्पतालमा ल्याब स्थापना तथा सञ्चालन गर्न सकिने नवनिर्मित भवन समेत रहेको सन्दर्भमा नुवाकोट, रसुवा र धादिङ जिल्लाका लागि लक्षित गरी यस जिल्लास्थित त्रिशुली अस्पतालमा पिसिआर परीक्षण ल्याब स्थापना र सञ्चालन गर्नका लागि प्रदेश सरकार तथा प्रदेश कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (PCCMC) लाई पुनः अनुरोध गर्ने ।
५. जिल्लाभित्रका केहि स्थानहरुमा सामुदायिक तथा संस्थागत विद्यालयहरुले पठनपाठन शुरु गरेको भन्ने सूचना प्राप्त भएकोमा विद्यालय सञ्चालनका सम्बन्धमा नेपाल सरकारबाट निर्णय

नभइसकेको र कोभिड-१९ संक्रमणको जोखिम यथावत रहेको अवस्थामा कुनै पनि विद्यालयहरु, कोचिङ तथा ट्युशन सेन्टर सञ्चालन नगर्न/नगराउन सम्बन्धित सबैमा अनुरोध गर्ने तथा अटेर गरी सञ्चालन गरेको पाइएमा संक्रामक रोग ऐन, २०२० बमोजिम कारवाही गर्ने ।

६. जिल्ला प्रशासन कार्यालयमा सवारी अनुमति तथा नियमित सेवा प्रवाहका लागि आउने सेवाग्राहीका कारण भिडभाड बढेकोले कर्मचारी तथा सेवाग्राहीहरुमा कोभिड-१९ को संक्रमणको जोखिम वृद्धि भएको हुँदा कार्यालय परिसरमा न्यूनतम मापदण्ड सहितको Health Desk स्थापना गरी संयुक्त सुरक्षा टिमबाट उक्त Health Desk सञ्चालन गर्ने ।

७. कोभिड-१९ को संक्रमणबाट बिरामीको मृत्यु भएमा शव व्यवस्थापनका लागि उपयुक्त स्थानहरुको पहिचान गरी जानकारी गराउन स्थानीय तहहरुलाई अनुरोध गरिएकोमा ककनी र शिवपुरी गाउँपालिकाबाट विवरण प्राप्त हुन नसकेकोले उक्त गाउँपालिकाहरुलाई उपयुक्त स्थानहरुको पहिचान गरी पठाउन पुनः अनुरोध गर्ने तथा शव व्यवस्थापनका लागि गठित कार्य टोलीलाई आवश्यक सामग्री सहित चुस्त अवस्थामा राख्ने ।

८. हाल सार्वजनिक यातायात, व्यापार, उद्योग, कलकारखाना लगायतका क्षेत्रहरुमा मानिसहरुको भिडभाड बढ्दै गइरहेको देखिएकोले यसबाट जिल्लामा कोभिड-१९ को संक्रमण बढ्न सक्ने सम्भावनालाई मध्यनजर राखी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी स्वास्थ्यसम्बन्धी मापदण्ड, गृह मन्त्रालयबाट जारी सुरक्षासम्बन्धी मापदण्ड तथा अन्य क्षेत्रगत मन्त्रालयहरुले तय गरेका मापदण्डहरुको कडाइका साथ पालना गर्ने/गराउने, यसका लागि आवश्यक सचेतना प्रवाह गर्न स्थानीय तह, सरकारी निकाय, गैरसरकारी संस्था तथा सञ्चार माध्यमलाई अनुरोध गर्ने र यस कार्यको जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्रबाट नियमित अनुगमन गर्ने ।

९. बन्दाबन्दीको अन्त्यसँगै पछिल्लो समयमा एक जिल्लाबाट अर्को जिल्ला आवतजावत गर्नेको संख्या अत्याधिक बृद्धि भई कोभिड-१९ को संक्रमण समेत बढ्ने अवस्था देखिएको तथा काठमाडौं उपत्यका लगायत अन्य जिल्ला प्रवेशका लागि अत्यावश्यक कार्य बाहेक सवारी अनुमति प्रदान नगर्नु भनि नेपाल सरकार गृह मन्त्रालयबाट निर्देशन भई आएको सन्दर्भमा यस जिल्लाका सम्पूर्ण सीमा नाकाहरुको चेकजाँचलाई थप प्रभावकारी बनाई अनुमति प्राप्त र अत्यावश्यक सेवाका सवारी साधनहरु बाहेक अन्य सवारी साधन तथा पैदल आवतजावतलाई पूर्ण रुपमा नियन्त्रण गर्ने ।

१०. हाल विदुर नगरपालिका वडा नं ५ स्थित च्वाडी पब्लिक मा.वि. मा सञ्चालनमा रहेको क्वारेन्टीनमा लाभग्राही नरहेको हुँदा उक्त क्वारेन्टीनको सुरक्षा व्यवस्थाका लागि खटिएको नेपाली सेनालाई आजकै मितिदेखि फिर्ता गर्ने ।